सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक ५ संवत २०८० साल कार्तिक ०१ गते https://sarumaranimun.gov.np

## गाउँपालिकामा कार्यरत कर्मचारीहरुको नियमित स्टाफ मिटिङ सम्पन्न

मिति २०८०।०६।०८ गते सरूमारानी गाउँपालिका प्यूठानका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठक को अध्यक्षतामा सरूमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको नियमित बैठक सम्पन्न भएको छ। बैठकमा विषयगत शाखा प्रमुख, प्राविधिक कर्मचारी,वडा सचिव ,स्वास्थ्य प्रमुख लगाएतका कर्मचारीको उपस्थित थियो । बैठकमा कर्मचारीहरुले हाल सम्म भएको प्रगति र कार्यालयमा देखा परेका समस्या संगै सेवा प्रवाहलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा आफ्नो भनाइ प्रस्तुत गर्नुभएको थियो ।







## CRS का प्रमुखहरु र गाउँपालिकाका अध्यक्ष बिच छलफल सम्पन्न

सरूमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ,प्रमुख प्रशासकिय अधिकृत श्री देविराम पाठक र CRS का एडभाईजर श्री उत्तम पौडेल,CRS कृषि परियोजना प्रमुख डा.प्रचण्ड कट्टेल बिच सरूमारानी गाउँपालिकामा विपद र जलवायु परिवर्तनका कारण प्रभावित समुदायमा विपद न्युनीकरण , आय आर्जन वृद्धि गरि जीवन स्तर सुधारका लागी सहकार्य गरि काम गर्ने बिषयमा महत्वपूर्ण छलफल भएको छ । साझेदारीमा काम गर्नको लागि गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माले आमन्त्रण गरे अनुरूप CRS का प्रमुखहरु गाउँपालिकामा आए पश्चात छलफल कार्यक्रम सम्पन्न भएको थियो ।










# आ.व २०७९।०८० को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न




सरूमारानी गाउँपालिकाको आ.व २०७९/०८० को वार्षिक समीक्षा कार्यक्रम आज सम्पन्न भएको छ । सरूमारानी गाउँपालिका का अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षता,गा.पा. का उपाध्यक्ष श्री बसन्ता खड्का, प्रमुख प्रशासकिय अधिकृत श्री देविराम पाठक, वडा अध्यक्ष ,कार्यपालिका सदस्य ,विभिन्न राजनिती दलका प्रतिनिधिहरू ,संघ संस्था ,विद्यालय प्र.अ , गाउँपालिका का विषयगत शाखा प्रमुखहरू वडा सचिवहरू लगायत को उपस्थितिमा कार्यक्रम संचालन भएको थियो । आ.व २०७९/८० को वार्षिक कार्यक्रमको उद्देश्य गा.पाका प्रमुख प्रशासकीय अधिकृत ले गर्नु भएको थियो भने प्रगति प्रतिवेदन प्रस्तुत गा.पा का प्रशासन शाखा प्रमुख लक्ष्मण आचर्यले गर्नु भएको थियो । विभिन्न राजनितीदलका प्रतिनिधिहरूले आफ्नो मन्तव्य राख्नु हुँदै महत्त्वपूर्ण सल्लाह ,सुझाव समेत दिनु भएको थियो । साथै यसै कार्यक्रम मार्फत मध्यमकालिन खर्च संरचना सम्बन्धी तयार पारिएको पुस्तकको विमोचन समेत गरिएको थियो ।







# गाउँपालिकाको मुख्य बजारहरुमा अनुगमन सम्पन्न

चाड पर्व नजिकिएसँगै सरूमारानी गाउँपालिकाले मिति २०८०-०६-२१ र २२ गते गरि आफ्नो क्षेत्रभित्रका विभिन्न बजार केन्द्रहरुमा अनुगमन गरेको छ ।चाडपर्वको समयमा बजारमा अखाद्य बस्तुको किन बेच कालोबजारी महँगी बढ्न सक्ने र त्यस्ले प्रत्यक्ष रुपमा उपभोक्तालाई असर पुग्न सक्ने भन्दै पालिकाले अनुगमन गरेको हो ।गाउँपालिकाका बजार अनुगमन समितिका संयोजक रहनु भएका लक्ष्मण आचार्यले पालिका भित्र पर्ने मुख्य बजार क्षेत्र बङ्गाँडा, दर्भान , बाङ्गेशाल आसपासका बजार, होटेल तथा उद्योग पसलहरुमा अनुगमन गरिएको बताउनुभयो । अधिकृत लक्ष्मण आचार्यले को नेतृत्वमा बङ्गाँडा प्रहरी चौकि तथा दर्भान प्रहरी चौकिका ईन्चार्ज , ईलाका प्रशासन कार्यालयका जस्पुरका प्रतिनिधि, उद्योग बाणिज्य संघका प्रतिनिधि ,बजार व्यवस्थापन समितिका प्रतिनिधि, कर्मचारीले संयुक्त रुपमा खाद्य वस्तुको विक्री वितरण तथा गुणस्तर र म्याद भएको नभएको बारे अनुगमन गरेको थियो। पालिका भित्र रहेका मुख्य बजारमा चाडबाडको समयमा अखाद्य वस्तु विक्री वितरण हुने गरेको पटक-पटक पाइएकाले सम्बन्धित निकायले नियमित अनुगमन गर्न आवश्यक रहेको स्थानीयले बताउनुभयो । अनुगमनमा म्याद सकिएका झन्डै ७०००० हजार रुपैयाँ मुल्य बराबरको वस्तु बरामद गरी नष्ट गरिएको छ।





# गाउँकार्यपालिकाको २७ औं बैठक सम्पन्न

सरुमारानी गाउँ कार्यपालिकाको २७औं बैठक (मिति २०८०/०६/२४गते) गाँउपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा ९ वटा प्रस्तावहरू माथि छलफल गरि सर्ब सम्मत रूपमा पारित गरी बैठक सम्पन्न भएको छ। पारित गरिएका मुख्य प्रस्तावहरू तपशिल बमोजिम रहेका छन् ।

तपशिल:

१) माडी नदीका विभिन्न स्थानको IEE Report स्वीकृत सम्वन्धमा ।


२) चुरेक्षेत्र ढुंगा गिट्टी वालुवा उत्खनन संशोधन र अनुमती माग सम्वन्धमा ।

३) कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाको TOR सम्वन्धमा ।

४) प्युठान टेक्नोलोजी कलेज प्रा.लि.को आर्थिक प्रस्ताव स्वीकृत सम्वन्धमा ।

५) विभिन्न सडक मर्मत सम्वन्धमा ।



## गाउँपालिकाबाट भएका प्रशासनिक गतिविधिहरुः

- आ.व २०७९।०८० को तेस्रो चौमासिक सम्मको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।
- आ.व २०७९।०८० को विषयगत शाखाद्धारा वार्षिक प्रगति कार्यक्रम सम्पन्न भएको छ ।
- आ.व २०७९।०८० को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।
- सरुमारानी गाउँपालिकाको मूख्य क्षेत्रका बजारहरुमा अनुगमन कार्य सम्पन्न भएको छ ।


सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारी:शिव राज न्यौपाने (९८४५४४०७७३)

प्रकाशकः

सरुमारानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान ।

facebook: https://www.facebook.com/SarumaraniGapa

website:sarumaranimun.gov.np

email:sarumarani2073@gmail.com

phone no:9857836022